Rupantaran: A Multidisciplinary Journal
Vol. X: PP 126-136, May, 2026
ISSN(Print) : 2091-0061, ISSN (Electronic): 2738-9960
**DOI:** https://doi.org/10.3126/rupantaran.v10i01.94576
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# 'दोस्रो सत्ता' कथामा नारीवाद

**डा. यज्ञप्रसाद गुरागाईं**[1]
Email: *yagya.guragain@dhmc.tu.edu.np*

## सार

प्रस्तुत लेखमा नारीवादी दृष्टिकोणका आधारमा कथाकार इन्दिरा प्रसाईकृत 'दोस्रो सत्ता' कथाको अध्ययन गरिएको छ। उक्त कथामा के कस्ता नारीवादी प्रयोगहरू प्रयुक्त छन् भन्ने प्राज्ञिक समस्यामा केन्द्रित भई नारीवादी प्रयोगहरू ठम्याउने उद्देश्य लिइएको छ। गुणात्मक ढाँचाको अवलम्बन गरी लेखिएको यस लेखमा प्राथमिक र द्वितीय दुवै स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ। साक्ष्यहरूलाई प्रस्तुत गर्दै तिनको विश्लेषण गरिएकाले यहाँ विश्लेषणात्मक विधिको उपयोग हुन पुगेको छ। यहाँ नारीप्रति पुरुषसत्ताको व्यवहार, पुरुषसत्ताको प्रतिरक्षा, नारी समस्याको अभिव्यक्ति, पुरुषसत्ताप्रति नारीको दृष्टिकोण, नारी अस्तित्वको चेत, नारी स्वतन्त्रताको उपयोग, पुरुषसत्ता परिवर्तनको चाहना तथा नारीसत्ताका अगाडि पुरुषसत्ताको निरीहतालाई आधार मानी उक्त कथामा नारीवादी प्रयोगहरू प्रस्तुत गरिएको छ र यो कथा नारीका पक्षमा वकालत गर्ने सशक्त नारीवादी रचना हो भन्ने निष्कर्ष यहाँ निकालिएको छ।

*मुख्य शब्दावली* : पुरुषसत्ता, उदार नारीवाद, आमूल नारीवाद, चिन्तनप्रवृत्ति, जीवनकथा

## परिचय

इन्दिरा प्रसाई नेपाली साहित्यमा सुपरिचित नाम हो। उनले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएर आफ्नो बहुमुखी प्रतिभालाई परिचित तुल्याएकी छन्। उनले २०२६ सालदेखि नै कथा लेखनको प्रारम्भ गरेकी भए पनि २०३० सालमा 'अस्वीकृति पत्र' शीर्षकको पहिलो कथा 'प्रेरणा'

---

[1] लेखक त्रिभुवन विश्वविद्यालय, धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा नेपाली विषयमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ। ORCID: 0009-0005-1497-2999

पत्रिकामा प्रकाशित गरेकी छन् (प्रसाई र प्रसाई,२०७१, पृ. ३५) । उनले मन सायद उघ्रँदैन (२०५१), बयान (२०५५) र दोस्रो सत्ता (२०६२) कथासङ्ग्रहहरू प्रकाशित गरिसकेकी छिन् । उनका कथामा मनोविज्ञानको प्रचुर प्रयोग भए पनि नारी चैतन्यका अभिव्यक्तिहरूसमेत प्रस्तुत भएका छन् । उनले नारी समस्या र नारीमाथि पुरुषले गर्ने शोषणलाई पनि व्यङ्ग्यात्मक रूपमा कथामा प्रयोग गरेको देखिन्छ (ढकाल, त्रिपाठी र अन्य, २०७१, पृ. १३२) । यस अर्थमा उनी नारीवादी कथाकारका रूपमा समेत परिचित छिन् ।

नारीवाद नारीहरूको पक्षपोषण गरी लेखिएका साहित्य र तिनको अध्ययन विश्लेषण गर्ने दृष्टिकोण हो । यो नारीसम्बन्धी सामान्य अध्ययन मात्र नभएर निश्चित मान्यतामा आधारित नारीकेन्द्रित चिन्तनप्रवृत्ति हो (बराल, २०७७, पृ. ७६) । यसले नारीका समस्या र पीडाका कारणहरूको खोजी गर्दै प्रताडित नारीका अवस्थालाई उजागर गर्दछ । नारीमा अस्तित्वचेत जागृत भई आफ्ना समस्या र पीडाबाट मुक्ति पाउन गरिएका तमाम प्रयत्नसँग नारीवाद सम्बद्ध छ । नारीवादले महिलालाई विषयका केन्द्रमा राख्दछ (त्रिपाठी, इ.२०१२, पृ. ३१) । पुरुषसत्ताका कारण नारीले के कस्ता विभेदजन्य व्यवहार भोगेका छन् र तिनबाट उन्मुक्ति पाउनका लागि तिनले के कस्ता सङ्घर्ष गरेका छन् भन्ने कुरालाई नारीवादले अध्ययनको विषय बनाएको पाइन्छ । यसले नारी र पुरुषका बिचको यौनिक विभेदका साथसाथै सामाजिक आर्थिक हैसियतमा नारी अस्तित्व तथा भूमिकाको खोजी गर्दछ । यसर्थ नारीवाद नारीका समस्यालाई केन्द्रमा राखेर अध्ययन गर्ने सिद्धान्तका रूपमा स्थापित भएको छ । यस वादको विकासमा केट मिलेट, मिसेल वारेट, म्यारी एल्मन, सान्ड्रा गिल्बर्ट, सुसान गुबार, एलेन सोवाल्टर, टोरिल मोई आदि लेखक समीक्षकहरूको योगदान रहेको छ ।

प्रस्तुत लेखमा इन्दिरा प्रसाईकृत 'दोस्रो सत्ता' कथामा नारीवादी प्रयोगको अवस्था के कस्तो छ भन्ने शोधप्रश्नमा आधारित भई उक्त रचनामा अभिव्यक्त नारीवादी प्रयोगको अवस्था ठम्याउने उद्देश्य राखिएको छ । यस रचनामा केन्द्रित भई गरिएका नारीवादी अध्ययनहरूको अझै कमी भएका कारणले प्रस्तुत अध्ययन गरिएको हो । अनुसन्धानगत रिक्ततालाई पूरा गर्ने अपेक्षाका साथ तयार गरिएको प्रस्तुत लेख औचित्ययुक्तसमेत बनेको छ ।

**सैद्धान्तिक विमर्श**

नारी अधिकारका लागि गरिएका सङ्घर्ष वा नारीमुक्ति आन्दोलनबाटै नारीवादी चिन्तनको विकास हुँदै गएको हो । अठारौँ शताब्दीको उत्तरार्द्ध अर्थात् सन् १७९२ मा मेरी उलस्टोनक्र्याफ्टले अ भिन्डिकेसन अफ द राइट अफ ओमन शीर्षकको कृति लेखी नारीपक्षको वकालत गर्दै यसको उठान गरेकी हुन् (शर्मा र लुइटेल, २०७२, पृ. ३७२) । सन् १९४९ को सिमोन द बुभाको द सेकेन्ड सेक्स कृतिले नारीवादी लेखन र आन्दोलनलाई सशक्त बनाउन योगदान गर्यो । वाद र प्रवृत्तिका रूपमा नारीवादको जन्म सन् १९७० को

दशकमा भएको हो (बराल, २०७७, पृ. ७७) । यसपछि नारीवादीहरूको बुझाइ र व्यवहारले उत्कर्षता प्राप्त गरेको मानिन्छ ।

नारीवाद नारीका पक्षमा वकालत गर्दछ । त्यसैले नारीवाद नारीहरूप्रति गरिएका विभेदपूर्ण व्यवहारका विरुद्धको विशेष वैचारिक अभिव्यक्ति हो । नारीवादीहरू किनारामा परेका महिलाहरूलाई केन्द्रमा ल्याउनुपर्ने आग्रह राख्छन् । पुरुषसत्ताका कारण पछाडि परेका वा पारिएका महिलाहरूको पीडाको कारण पुरुषलाई मानेको छ । पुरुष मूल धारमा रहेको छ । यस मूल धारको दृष्टिकोणमा पुरुष दमित हुँदा दुःखान्त बन्दछ भने महिला दमित हुँदा परम्पराको निरन्तरता हुन्छ (त्रिपाठी, इ.२०१२, पृ. ६६) भन्ने नारीवादीहरूको धारणा छ । यिनीहरूले सेक्स र जेन्डर फरक विषय मानेका छन् । प्रसिद्ध साहित्य समालोचक केट मिलेटले आफ्नो कृति सेक्सुअल पोलिटिक्समा सेक्सलाई जैविक संज्ञा र जेन्डरलाई सांस्कृतिक ढङ्गले स्वीकार गरिएको लैङ्गिक पहिचानका रूपमा चिनाएकी छन् (त्रिपाठी, इ.२०१२, पृ. ७०) । नारीवादीहरू पुरुषको हैकमवादी प्रवृत्तिको विरोध गर्दै स्वायत्त नारीको वकालत गरेका छन् । नारीलाई पुरुषको दमन र अत्याचारबाट मुक्त राख्न र नारी अधिकार र अस्तित्वका लागि सङ्घर्ष गर्न महिला अग्रसर हुनुपर्ने धारणा यिनीहरूले राखेका छन् ।

नारीवादी विचार पनि एकै प्रकारको पाइँदैन । विचारधाराका दृष्टिले यिनीहरूलाई उदार नारीवादी, माक्र्सवादी नारीवादी, आमूल नारीवादी र समाजवादी नारीवादी गरी अनेक वर्गमा राख्न सकिन्छ । उदार नारीवादीहरू समाजमा नारी र पुरुषबिचमा असमानताको बोध गर्दै समान अधिकार र व्यवहारका लागि आग्रह गर्छन् । यिनीहरू पितृसत्ताको व्यवहारको सुधारको अपेक्षा गर्दछन् । माक्र्सवादी नारीवादीहरू सुधारको पक्षमा नभएर परिवर्तनको पक्षमा रहेका छन् । नारी र पुरुषका बिचको विभेदको अन्त्यका लागि समाजको जगदेखि नै परिवर्तन गर्नुपर्ने यिनीहरूको भनाइ रहेको छ (त्रिपाठी, २०६८, पृ. २१६) । पितृसत्ताको आड भनेको पुँजीवाद भएकाले यसको समाजका वर्गीय र लैङ्गिक असमानताको अन्त्य हुनुपर्छ भन्दछन् ।

आमूल नारीवादीहरू भने सबै किसिमका नारीसमस्याको जड पुरुष भएकाले पुरुषलाई निषेध गरेर अघि बढ्नुपर्ने धारणा अगाडि राख्दछन् । यिनीहरू पुरुष र पुरुषसत्ताको कट्टर विरोध गर्दै नारी पूर्ण रूपमा पुरुषमुक्त स्वायत्त र स्वतन्त्र रहनुपर्ने विचार व्यक्त गर्दछन् । त्यस्तै समाजवादी नारीवादीहरू आमूल नारीवाद र मार्क्सवादी नारीवादका बिचमा रहेर आफ्नो धारणा अगाडि सार्छन् । माक्र्सवादमा चर्चा गरिने वर्गभेद र श्रमको विषय सही भएको भन्दै यिनीहरूले वर्गीय सम्बन्धको कुरालाई स्वीकार गर्दछन् भने वर्ग विभाजनको ऐतिहासिक निरन्तरताका आधारमा लैङ्गिक दमनको सुरुआत भएको होइन भन्दै आमूल नारीवादको नजिक रहन पुग्छन् । पितृसत्ता र पुँजीवादको द्वैध व्यवस्थाबाट सामाजिक संरचनाको पहिचान

निर्धारण भई यसको प्रक्रिया गतिशील भइआएको कुरालाई यिनीहरूले अगाठि सारेका छन्। सामाजिक संरचनामा नारी दमित, पीडित र विभेदित छ भन्ने कुरालाई भने नारीवादी विचारधारमा संलग्न सबैले स्वीकार गरेका छन्।

## विधि र सामग्री

प्रस्तुत लेख गुणात्मक ढाँचाको अवलम्बन गरी तयार गरिएको छ। यसमा प्राथमिक र द्वितीय दुवै स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ। इन्दिरा प्रसाईकृत 'दोस्रो सत्ता' कथाका सान्दर्भिक अंशहरूलाई प्राथमिक स्रोतका सामग्री र इन्दिरा प्रसाईसँग सम्बद्ध चर्चा तथा नारीवादको सैद्धान्तिक विमर्श गरिएका पुस्तक तथा लेखहरूलाई द्वितीय स्रोतका सामग्री मानी तिनको प्रयोग गरिएको छ। सामग्रीको विश्लेषणका लागि नारी विरोधी चिन्तन र नारीवादी चिन्तन गरी दुईओटा सूचकको निर्माण गरिएको छ। उक्त कथामा प्रयुक्त नारीवादी प्रयोगहरूलाई साक्ष्यका रूपमा प्रस्तुत गरी तिनको व्याख्या विश्लेषण गरिएकाले प्रस्तुतीकरणको विधिका रूपमा यहाँ पाठ विश्लेषण विधिको उपयोग भएको छ।

## परिणाम र छलफल

यहाँ सर्वप्रथम विवेच्य कथाको आख्यान सन्दर्भ प्रस्तुत गरिएको छ। त्यसपछि कथामा प्रस्तुत भएका नारी विरोधी चिन्तन र नारीवादी चिन्तनलाई अलग अलग शीर्षकमा चर्चा गरिएको छ।

### आख्यान सन्दर्भ

प्रस्तुत 'दोस्रो सत्ता' कथामा आमा, विद्यालय र विश्विद्यालयमा पढेकी उनकी छोरी अमिता मञ्चीय पात्रहरू र पिता, संवेग, अनवरत तथा अनुत्तरित नेपथ्य वा सूच्य पात्र रहेका छन्। दुई सन्तानकी आमा भएर पनि अमिताले आफ्नो पति संवेग र अन्य दुई परपुरुष अनुत्तरित र अनवरतलाई यौनेच्छा परिपूर्तिका लागि उपयोग गरेकी छन्। उनले बहुपति उपयोग गरेको व्यवहारलाई आमाले मन पराएकी हुन्नन्। त्यसैले उनले उनको सन्चोबिसन्चो बुझ्न आएकी छोरीलाई कलङ्क उत्पन्न गर्ने कारक मानेर बरबरी आँसु झारेर गुनासो पोखेकी छन्। छोरीको त्यस्तो व्यवहारलाई मन नपराइरहेकी आमालाई अमिता आमा छँदै सौतेनी आमा ल्याउने बाबुको व्यवहार सम्झाउँछिन्। लोग्नेमान्छेको जातले स्वास्नीमान्छेप्रति गरेको अन्यायपूर्ण कार्यलाई सम्झँदै अमिता आमाजस्ती भएर पुरुषको गलत व्यवहार सहेर बस्न चाहन्नन्। त्यसको बदलामा उनी धेरै पुरुषलाई उपयोग गर्दै आएकी छन्। उनले भोग गरेका धेरै पुरुषहरूमध्ये नियमित रूपले भोग्ने गरेका पुरुषहरूमा उनको पति संवेग र अर्को व्यक्ति अनुत्तरितलाई हप्ताको दुई दुई दिन र अलि बढी मन पराएको अनवरतलाई हप्ताको तीन दिन सहवासका लागि मौका दिने गरेकी छन्। यी तीनै जना पुरुषहरू उनीसँग सहवास र साहचर्य पाउन लालायित छन् र आफ्नो पालो सकिएका दिन खिन्नता महसुस

गर्दछन् । अमिता भने यस्तो व्यवहारबाट कलङ्कित हुने भयभन्दा पनि प्रफुल्लताको अनुभूति गर्दछिन् । उनी आमाहरूझैँ शासित हुन होइन शासक हुन चाहन्छिन् । त्यसैले भलो नहुने काम नगर भनी उपदेश दिने आमाको मनलाई बुझाउँदै "तपाईँकमजोर हुनुहुन्थ्यो; त्यसैले तपाईँमाथि पुरुषले शासन गरे । अब म बलियो छु; त्यसैले मैले पुरुषमाथि शासन गरिरहेकी छु ।" भन्छिन् । यसरी पहिलो पुरुषसत्ताको सट्टा दोस्रो नारीसत्ता स्थापित गरेको नयाँ कुरा अमिताले आमालाई बताएपछि कथानक समाप्त हुन्छ ।

यस कथामा नारीवादको अभिव्यक्तिका लागि नारी विरोधी चिन्तन र नारीवादी चिन्तनसम्बन्धी निम्नलिखित प्रयोगहरू प्रस्तुत भएका छन् :

## नारी विरोधी चिन्तन

कथाकी पात्र अमिताकी आमा र उनका पिता परम्परावादी समाजका प्रतिनिधि पात्र हुन् । यिनका सोचाइ र व्यवहार रूढिवादी प्रकृतिको छ । यसलाई नारीवादी चिन्तनको विपरीत मान्न सकिन्छ । आमाका बुझाइमा पुरुषहरू पृथ्वीका हरेक सुख भोग्ने अधिकारी हुन्, उनलाई नारीका अहितमा कार्य गरे पनि छुट छ र त्यस्तो मनपरी कार्य गर्ने पुरुषको आलोचना वा विरोध गर्न मिल्दैन । अमिताले आमामाथि सौता हाल्ने बाबुको टिप्पणी गर्दा आमाले यसो भनेकी छन् "अमिता ! हेर, उहाँ भनेको लोग्नेमान्छे, परापूर्वकालदेखि नै लोग्नेमान्छेले एउटा गुँड बनाएनन् । समाजले पनि लोग्नेमानिसलाई केही भन्न सक्तैन । हामी भनेको स्वास्नीमानिस, लोग्नेको सतमा बसेर जीवननिर्वाह गर्नुपर्ने हाम्रो जात (प्रसाई, २०७१, पृ. ४५) !" परम्परागत समाजमा बाँचेकी र परम्परागत विचार भएकी नारी पुरुषको गलत व्यवहारको विरोध गर्नुको सट्टा कसरी त्यसैको प्रतिरक्षा गर्न पुग्छन् भन्ने कुराको यो एउटा उदाहरण हो ।

अमिताका विवाहित पति संवेग जीवित हुँदा हुँदै उनले अनुत्तरित र अनवरतसँग अस्वाभाविक ढङ्गले संसर्ग बढाएकामा पनि संवेगमा के कुराको कमी छ भन्दै आमाले उनलाई प्रश्न गरेकी छन् । यो प्रश्न अमिताले दिने उत्तरका लागि भन्दा पनि संवेग नामधारी पुरुषको प्रतिरक्षाका लागि अभिव्यक्त भएको छ । पुरुषले जतिजना नारीलाई पत्नी बनाए पनि हुने तर नारीले विवाहित पुरुषबाहेक कसैलाई पनि पतिका रूपमा ग्रहण गर्न नहुने परम्परावादी नारीका सोचाइमा नारीले विवाहित पुरुषबाहेक अन्य पुरुषलाई पति तुल्याएमा कलङ्कको विषय बनेको छ । बहुपुरुषलाई पति बनाएकी अमिताको व्यवहारलाई सम्झेर आमाले भनेकी छन् "तिमीले मेरो बुढौतीलाई कलङ्कित तुल्याउली भनेर मैले सपनामा पनि सोचेकी थिइनँ (प्रसाई, २०७१, पृ. ४४) ।" यहाँ पुरुष र नारीबिचको आचरणगत भिन्नतालाई प्रस्तुत गरिएको छ । नारीले विवाहित पुरुषसँगै जिन्दगी बिताउनुपर्ने र उसैका वृत्तमा बाँच्नुपर्ने परम्परावादी नारी बुझाइलाई यहाँ प्रस्तुत गरिएको छ । नारी भएर पनि नारीका पक्षमा उभिन नसक्नु र परम्परादेखि चलिआएको चलन तथा बुझिएको बुझाइलाई उक्त पङ्क्तिबाट व्यक्त गरिएको छ ।

अमिताकी आमा आफ्नै पतिले अर्की नारीसँग विवाह गर्दा पनि विरोध गर्न सक्दिनन् । सौताले आफूसँग पति आएको थाहा पाएमा पतिलाई अप्ठ्यारो पर्ने चिन्ता र भयले उनी ग्रसित छिन् । उनले भनेकी छिन्, ‘‘बाबा ! कान्छी मुमाले बुबा यहाँ आएर बसेको थाहा पाई भने तिम्रा बुबालाई अप्ठ्यारो पर्छ (प्रसाई, २०७१, पृ. ४५) ।’’ उनको यो भनाइ परम्परागत समाजका नारीको व्यवहारसँग मिल्दो छ । यसर्थ यस कथामा आमाका माध्यमबाट अभिव्यक्त धारणा र पिताको व्यवहार परम्परागत पितृसत्तालाई निरन्तरता दिने प्रकृतिका देखिएका छन् । नारीवादी दृष्टिमा यी नारीवादी अवधारणाका विरोधी बुझाइ र व्यवहार हुन् ।

**नारीवादी चिन्तन**

प्रस्तुत कथाकी पात्र अमिता शिक्षित, सचेत र नारीवादी चिन्तन भएकी नारी हुन् । उनले विद्यालय र विश्वविद्यालयमा कयौँ वर्ष अध्ययन गरेकी छन् । यस अध्ययनले उनलाई आधुनिक नारीमा रूपान्तरण गर्दै लगेको छ । ‘‘कुनै पुरुष र ममा के फरक छ (प्रसाई, २०७१, पृ. ५०) ।’’ भन्दै उनले नारी पुरुषभन्दा कमजोर नभएको धारणा व्यक्त गरेकी छन् । आमाको जीवनकथालाई जीवनपर्यन्त बिर्सन नसक्ने गरी अध्ययन गरेकी उनी परम्परागत समाजमा नारीको अवस्थालाई नियाल्न सक्ने अवस्थामा रहेकी छन् । पुरुषप्रधान समाजले आइमाईलाई तँ कमजोर, तँ लोग्नेमानिसको सम्पत्ति, तँ लोग्नेमानिसद्वारा शासित भनेर घोकाइरहेकामा (प्रसाई, २०७१, पृ. ४५) उनले त्यसप्रति असहमति जनाएकी छन् । त्यसैले उनले पुरुषहरूद्वारा निर्माण गरिएको एकतन्त्रीय सामाजिक आदर्शलाई कहिल्यै उचित ठहर्याइनन् । नारीमाथिको विभेदलाई उनले अमेरिकामा कालामाथि गोराले गरेको अत्याचार र हाम्रै देशमा ठूला जातका भनाउँदाहरूले साना जातमा पारिएकामाथि गरेका अत्याचार तुलना गर्दै यिनमा एकरूपता रहेको देखेकी छन् (प्रसाई, २०७१, पृ. ४५) । सृष्टिदेखि स्त्रीले गर्भाधान गर्नुपर्ने संरचनाका कारण पनि पुरुषले स्त्रीमाथि शासन गरेका हुन् (प्रसाई, २०७१, पृ. ४७) भनेर उनले समाजको सूक्ष्म निरीक्षण गरी त्यसबाट आफ्नो धारणा निर्माण गरेकी छन् । यी बुझाइहरूले उनमा सचेत नारीत्वको चैतन्य विकास हुँदै गएको पाइन्छ ।

उनकी आमासँगको घर गृहस्थी असल हुँदाहुँदै उनका बाबुले आमामाथि दुई दुई ओटी सौता हालेर आमामाथि अन्याय गरेका छन् । अमिताले यसलाई गम्भीर रूपमा लिएकी छिन् । परम्परागत पुरुषसत्ता भएको समाजमा नारीमाथि अन्याय गर्नु तात्कालीन पुरुषसत्ताको अधिकार नै बनेको छ भन्ने उनको बुझाइ रहेको छ । श्रीमती जतिसुकै असल र कर्तव्यपरायण भए पनि श्रीमान् सुखभोगका लागि श्रीमती थप्न स्वतन्त्र हुनु उनका लागि स्वाभाविक छैन । यदि यो कुरा स्वाभाविक भए नारी त्यसका विरुद्धमा बहुपति उपयोग गर्न पनि स्वतन्त्र हुन्छे भन्ने उनको बुझाइ छ । आमाले विवाहित पति संवेगका अतिरिक्त अन्य दुई पुरुषसँग संसर्ग गरेकी छोरीको व्यवहारप्रति कटाक्ष गर्दै उनका परम्परावादी धारणा प्रस्तुत गर्छिन् जुन कुरा अमितालाई मान्य हुन सकेको छैन । त्यसैले आमालाई उनले साउनमा आँखा फुटेको गोरुले सधैँ हरियाली

देखेझैँ खडेरी परेको बेला पनि झरी नै देख्ने मानसिक अपाङ्ग नारी ठानेकी छन् (प्रसाई, २०७१, पृ. ४५)। उनकी आमाले आइमाईको सतको कुरा मात्र बुझेको र लोग्नेमान्छेको सतको कुरालाई उल्का ठान्नेको हुँदा उनले आमाको संस्कार उचित नभएको ठानेकी छन्। परम्परावादी आइमाईहरू आफू लोग्नेमानिसभन्दा कमजोर, लोग्नेमानिसको सम्पत्ति र लोग्नेमानिसद्वारा शासित हुनुमै गौरव गर्दै आइरहेको महसुस उनले गरेकी छन् (प्रसाई, २०७१, पृ. ४५–४६)। आमा शासित भएरै रमाएकी हुँदा शासक हुनुको स्वादको कल्पनासम्म पनि गर्न नसकेकी नारी हुन् भनेर अमिताले नारी सचेतनासम्बन्धी धारणा प्रस्तुत गरेकी छन्। आमाले परम्पराको निर्वाह गर्दै आएको कुरालाई उनले यसरी प्रस्तुत गरेकी छन्, "आमाकी आमाका पाँचजना सौता देख्नुभएकी आमा र हजुरआमाकी पनि आमाका सातजना सौता सुन्नुभएकी मेरी आमालाई मैले आफ्नो लोग्ने सिवाय परपुरुषसँग सम्बन्ध राखेको कुनै पनि हालतमा मन्जुरी हुने कुरै भएन (प्रसाई, २०७१, पृ. ५०)।" यसरी यौनिक दृष्टिले पुरुष स्वतन्त्र हुन सक्ने तर नारी पराधीन भइरहनुपर्ने धारणालाई शिक्षित, सचेत र आधुनिक विचारकी नारी अमिताले ठाडै अस्वीकार गरेकी छन्।

पुरुषको यौन व्यवहारलाई अधिकारका रूपमा लिने समाजले नारीको यौन व्यवहारलाई कलङ्कका रूपमा लिने गरको विषयलाई यहाँ पुरुष र नारीबिचको विभेदजन्य व्यवहार मानिएको छ। त्यसैको विरोधमा अमिताले पुरुषलाई वस्तुका रूपमा उपभोग गरेकी छन्। पितृसत्ताका कारण यौनका विषयमा महिलाप्रति अनुदार रहँदै आएको समाजले महिलाको यौनिक सन्तुष्टि असन्तुष्टिका विषयले महत्त्व नपाउने सामाजिक संरचनामा पुरुषलाई नै वस्तुका रूपमा उपयोग गरेको नारीको व्यवहार समाजमा स्वीकार्य नभए पनि (भुसाल, २०७९, पृ.९८) अमिताले यही व्यवहार गरेकी छन्।

अमितामाथि आएका अनेकौँ प्रश्नको उत्तर दिन असमर्थ भए पनि उसको मनलाई पुरुषका व्यवहारले कठोर बनाउँदै लगेको छ। यस सन्दर्भमा उनको भनाइ छ, "आमाको विरहिणी स्वरूपका अघिल्तिर थप प्रश्न उभ्याउन म आफैँलाई असमर्थ पाउँथेँ। तर, ती प्रश्नले मभित्र भने सङ्घर्षको विकरालता तयार गर्दै लगिरहेको हुन्थ्यो (प्रसाई, २०७१, पृ. ४६)। पितृसत्ताका परम्परामा नारी पुरुषबाटमात्र नभएर नारीबाटै पनि प्रताडित बनाइन खोजेको कुरा पनि उनले बुझेकी छन्। यसबाट नारी पुरुषबाट मात्र नभएर नारीबाटै विभेदित व्यवहार भोग्न विवश बनाइएको परम्परावादी समाजमा नारीलाई विभेदित गर्ने नारीका विचार र व्यवहारसँग अमिता सहमत हुन सक्दिनन्। उनले भनेकी छन्, "बाल्यकालदेखि नै सुन्दै र हेर्दै आएका यस्ता असमान थोत्रा परम्पराहरूसँग मचाहिँ कहिल्यै सहमत हुन सकिनँ (प्रसाई, २०७१, पृ. ४५)।" उनको यो असहमति स्वतन्त्र, अस्तित्वशील एवम् नारीसत्तासँग सम्बद्ध देखिएको छ। नारीले आफ्नो निजी मामिलामा आफैँले निर्णय गर्न पाउने वैयक्तिक अधिकार हो (अर्याल, २०७६, पृ. ६१)। उनी यस अधिकारको उपयोग गर्न चाहन्छिन्। यही अधिकारको उपयोग गर्दै उनले धेरै पुरुषहरूलाई भोग गरेकी छन्।

संवेग, अनुत्तरित र अनवरत त उनीद्वारा नियमित रूपमा भोगिएका पुरुषमात्र हुन् भन्ने कुरालाई उनले स्पष्ट रूपमा भनेकी छन्, "मैले भोगिसकेका धेरै पुरुषहरूमध्ये नियमित रूपले भोग्ने गरेका यिनै तीन पुरुषहरू मात्रै हुन् (प्रसाई, २०७१, पृ. ४८) ।" आफ्नो विवाहित लोग्ने संवेगप्रति उसको सहानुभूति भए पनि लोग्ने हुनु नै उसका दृष्टिमा ऊ कसूरदार छ किनकि शक्ति वा सत्तामा पुग्ने हो भने उसले पनि अमितामाथि विभेदको व्यवहार गर्न सक्छ भन्ने उनको बुझाइ छ । यस संसारमा सदा शक्तिशालीले नै शासन गरेको विवरण उनले इतिहासमा पढेकी हुनाले (प्रसाई, २०७१, पृ. ४७) उनको बुझाइमा द्विविधा देखिँदैन । उनमा कुनै पनि पुरुषसँगको हरेक प्रतिस्पर्धामा विजयी बन्न सक्ने दृढ विश्वाससमेत देखिन्छ ।

विवाहअगाडि पुरुषसत्ताको व्यवहार बुझ्दै आएकी अमिता विवाहपछि बिस्तारै उनीभित्रको विद्रोही नागरिकले भित्रभित्रै अधिकार खोज्न थालेको महसुस गर्दछिन् । उनी उनकी आमाजस्तै निरीह भएर आजीवन रुन चाहन्नथिन् । "हरेक रात संवेगसँगको सहवासमा पनि संवेगलाई आफ्ना बुबाको लोग्नेमान्छे र म आफूचाहिँ आफ्नी आमाको निरीह आइमाईमा रूपान्तरित हुँदै जाने सन्त्रासमा रहन थालेँ । त्यस बेला मैले आफूसँग युद्ध लडिरहेँ (प्रसाई, २०७१, पृ. ४७) ।" भनेर उनले आफ्नो अस्तित्वलाई स्थापित गर्न चाहेकी छन् ।

नारीहरूले पितृसत्ताको व्यवहारबाट पीडाबोध गरेपछि त्यसबाट मुक्तिको चाहना राख्दै आफ्नो सत्ता स्थापित गर्न चाहन्छन् भन्ने कुरालाई कथामा उठाइएको छ । पुरुषले सत्तासीन भएर जसरी सुखको भोग गर्दछन्, नारीले पनि त्यसरी नै सत्तारूढ भएर सुखको भोग गर्न चाहन्छन् भन्ने कुरालाई कथाकी पात्र अमिताले यसरी व्यक्त गरेकी छिन्, "मेरो चाहना कुटिल पिताको सत्तामा पुगेर सांसारिक सुखभोग गर्ने थियो (प्रसाई, २०७१, पृ. ४७) ।" यहाँ अनेक श्रीमती ल्याएर सुखभोग गर्ने पिताको व्यवहारलाई समाजको पितृसत्ताको व्यवहार ठान्दै त्यस्तै अनेक पति ग्रहण गरेर नारीसत्ता स्थापित गर्ने अमिताको चाहना अभिव्यक्त भएको छ । पुरुषले सुखभोगका लागि विगतमा नारीमाथि जे जस्तो व्यवहार गरेका थिए, नारीले पनि पुरुषमाथि त्यस्तै व्यवहार गरी आनन्दित हुन चाहेका हुन्छन् भन्ने कुरालाई स्पष्ट पारिएको छ । यो पुरुषसत्ता परिवर्तन गर्ने नारीको चाहनाको उदाहरणजन्य अभिव्यक्ति हो ।

अमिताकी आमा परम्परावादी सोच भएकी नारी भएकाले उनलाई अमिताले गरेको बहुपति वरणको व्यवहार मन परेको छैन । त्यसैले उनी छोरीको व्यवहारबाट पीडाबोध गर्दै परम्परागत समाजबाट लाञ्छित हुने भयले व्याकुल बनेकी छिन् । यता अमिता भने आमाको पीडाबाट कति पनि विचलित नभई आफ्नो विचारमा अडिक बनेकी छिन् । उनले पुरुषसत्तामाथि विजय गरेपछि नयाँ तृप्ति प्राप्त गरेकी छिन् । उनका अनुभवजन्य निम्न अभिव्यक्तिले यही कुरालाई जनाएको छ, "आमाको परम्परावादी पीडाभन्दा मेरो नौलो तृप्तिले नै ममाथि विजय झन्डा फहराइरह्यो (प्रसाई, २०७१, पृ. ४९) ।" नारीसत्ता स्थापित गर्ने चाहना

सफल भएपछि नारीमा आएको यस प्रकारको तृप्तिले पुरुषसत्ता परिवर्तन गर्न दृढ भएको पुष्टि गर्दछ । बलियोले निर्धोमाथि शासन गर्ने परम्परागत पद्धतिलाई बुझेकी अमिता कमजोर भएर होइन सशक्त भएर पुरुषमाथि शासन गर्न पुग्छिन् । यस कार्यलाई उनले गलत नभई सही ठहर्याएकी छिन् । परम्परागत सत्ताको विरुद्धमा नयाँ सत्ताको स्थापनामात्र मानेकी छिन् । उनले भनेकी छिन्, "म बलियो छु, त्यसैले मैले पुरुषमाथि शासन गरिरहेकी छु । आमा मैले कुनै गलत काम गरेकी छैनँ । यो नौलो कुरो पनि होइन । मात्र सत्तापरिवर्तन हो (प्रसाई, २०७१, पृ. ५०) ।" आमाका नजरमा अमिताले गरेको कार्य गलत भए पनि अमितालाई कुनै पछुतो लागेको छैन । बहुपति अवलम्बन गर्नुलाई उनले सत्तापरिवर्तनको अवस्थाको परिणाम मानेकी छिन् । यसलाई उनले जीवनमा गरेको गल्ती नभएर स्वाभाविक र हुनुपर्ने कार्य ठहर्याएकी छिन् । यसबाट नारी सत्तापरिवर्तन गर्न उद्यत् छन् भन्ने कुरालाई समर्थन गरेका छ ।

जब नारी सशक्त रूपमा अगाडि बढ्छन् र आफ्नो पीडाको मुक्तिका लागि नारीसत्ता स्थापित गर्न उद्यत रहन्छन्, त्यसबेला पुरुषसत्ता निरीह बन्न पुग्छ । परम्परागत रूपमा नारी पुरुषसत्ताद्वारा दमित र पीडित भएकाले पुरुषको वर्चस्व कायम भएको अवस्था पाइन्छ तर नारीको जागरण र क्रियाशीलताका कारण सत्ता परिवर्तन भएपछि आफ्नो परम्परागत पुरुषसत्ता फर्काउन पुरुष असफल रहन्छन् भन्ने कुरालाई कथामा प्रस्तुत गरिएको छ । यो समाजको विद्यमान अवस्था नभए पनि भविष्यको कल्पना भने अवश्य हो । कथाकी पात्र अमिताले पुरुष वर्चस्वमाथि विजय गरी नारीसत्ता स्थापित गरेपछिको आफ्नो अनुभवलाई यसरी प्रस्तुत गरेकी छिन्, ''उनीहरू प्रत्येकले आफ्नो पालो सकिएको दिन अँध्यारो अनुहार लगाउने गर्छन् । आफूमा अतृप्त भोक जगाएर बाध्यतापूर्वक मलाई चाँडै आउने मौन आमन्त्रणका साथ बिदा गर्दछन् (प्रसाई, २०७१, पृ. ४८–४९) ।" यहाँ परम्परागत पुरुषहरूले प्रथम विवाहिता महिलामाथि सौता हालेर तिनको जीवनलाई निरीह तुल्याउने पुरुषसत्तालाई पराजित गरेकी नारीले पनि विवाहित पतिलाई समेत सीमित समय (हप्ताको दुई दिन मात्र) उपलब्ध गराउने र बाँकी समय (हप्ताको दुई दिन अर्को एउटा परपुरुषलाई र तीन दिन अर्को परपुरुषलाई) उपलब्ध गराउने नयाँ नारीसत्ताको व्यवहारको चर्चा गरिएको छ । नयाँ नारीसत्ता स्थापित भइसकेपछि पहिले पुरुषले गरेको व्यवहारझैँ नारीले पनि व्यवहार गर्न पुगेको अवस्थाले नारी सुख प्राप्तिका लागि पुरुष निरीहताका साथ उपस्थित भएको पाइन्छ । अरू पुरुषले विवाहिता नारीबाट सुख खोज्न समय पर्खनु स्वाभाविकै भए पनि विवाहित पुरुषका लागि परम्परागत दृष्टिमा अस्वाभाविक ठहर्छ । तर नारीसत्ताको स्थापना भइसकेपछि भने विवाहित पुरुषसमेत श्रीमतीसँगको संसर्गमा अधिकार जमाउन नसक्ने अवस्था सिर्जना भएको छ । अमिताको श्रीमान् संवेग पनि सहवास र साहचर्यका लागि याचकझैँ निरीह बनेको कुरालाई यी पङ्क्तिबाट प्रस्तुत गरिएको छ, ''समाजद्वारा मेरो लोग्नेको कुर्सीमा राखिएको संवेग पनि मसँगको सहवास र साहचर्य पाउन लालायित छ । उसलाई राम्ररी थाहा छ, म ऊसँग मात्र समर्पित छैन

(प्रसाई, २०७१, पृ. ४९) ।" आफ्नी श्रीमती आफूसँग मात्र समर्पित नभएको थाहा पाएर पनि संवगले श्रीमतीलाई केही गर्न नसक्नु भनेको उसको निरीहताको पराकाष्ठा हो । संवेगलाई समाजले अमिताको लोग्नेको कुर्सीमा राखिदिए पनि अमिताले बहुपतिको उपयोग गरी श्रीमान् नामको परम्परागत पुरुषको मूल्यलाई कमजोर साबित गरिदिएकी छिन् । अनुत्तरित र अनवरतसँग समय बिताएपछि अमिताको सामुमा आएको संवेग कति दयनीय बनेको छ भन्ने कुरालाई यी पङ्क्तिबाट स्पष्ट पारिएको छ, "अनुत्तरित र अनवरतसँग समय बिताएपछि म जब संवेगलाई भेट्न पुग्छु, त्यसबेला उसका आँखामा देखिने गरेको भाव मलाई पूर्वपरिचित लाग्ने गर्छ । त्यहाँ अतृप्त विरहीपन छर्लङ्ग देखिन्छ (प्रसाई, २०७१, पृ. ४९) ।" आफूबाहेक अरूलाई पनि अवलम्बन गरिरहेकी श्रीमतीको व्यवहार देखेर पनि संवेग लाचार बनेको छ । उसको मनमा जागृत अतृप्त यौन चाहना पूरा गर्न अरू व्यक्तिसँग संसर्ग गरेकी श्रीमतीलाई केही भन्न सकेको छैन । बरू उनका अगाडि विरहीपनका साथ प्रस्तुत भएको छ । यसरी नारीसत्ताका अगाडि पुरुषसत्ताको अवस्था कमजोर साबित हुन पुग्छ भन्ने कुरालाई विभिन्न कथांशका माध्यमबाट प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

अमिता प्रस्तुत कथाकी नायिका हुन् । उनी शिक्षित र सचेत छन् । उनका विचार र व्यवहारका माध्यमबाट यहाँ नारीवादी विचार र व्यवहार स्थापित गरिएको छ । परम्परागत पुरुषसत्ता जीवित भएको समाजमा पुरुष शक्तिशाली भई उसले नारीमाथि विभेदको व्यवहार गरेको पृष्ठभूमिमा नारी शक्तिमा आई नारीसत्ता स्थापित गर्न पुगेको कथ्य यहाँ प्रस्तुत गरिएको छ । यसबाट वर्तमान समयमा नारी कमजोर छैनन् र उनीहरू सशक्त भएर पुरुषमाथि शासन गर्न सक्छन् भन्ने कुरालाई स्पष्ट पारिएको छ । जब नारी शक्ति वा सत्तामा पुग्छिन् तब पुरुष पनि निरीह बन्न पुग्छन् भन्ने कुरालाई पनि यहाँ व्यक्त गरिएको छ ।

प्रस्तुत कथामा दुईओटा समाजको चर्चा गरिएको छ : परम्परावादी समाज र आधुनिक समाज । परम्परावादी समाजमा पुरुषसत्ताको आधिपत्य रहेको छ । यसलाई परम्परावादी नारीले पनि साथ दिँदै आएकी छन् । आधुनिक समाजमा भने नारी सशक्त बनेका छन् । उनीहरू शिक्षित, सचेत र जागरुक बनेर समाजका गतिविधिलाई निरीक्षण गरिरहेका छन् । नारीमाथि हुने दमन र विभेद उनीहरूका लागि कदापि मान्य छैन । नारीमाथि हुने विभेदको पक्षमा रहेका नारीहरूको विचार र व्यवहारलाई पनि उनीहरू स्वीकार गर्न सक्तैनन् । पुरुषले नारीलाई वस्तुका रूपमा उपभोग गरेझैँ नारीले पनि पुरुषलाई वस्तु मानेर उपभोग गर्न सक्छन् । नारी सधैँ कमजोर भइरहन सक्तिनन्, उनलाई कमजोर व्यक्तिका रूपमा बुझ्नु गलत हुन्छ । उनीहरूमा पनि चेतना र क्षमता छ । यस कुरालाई पुरुषहरूले बुझेर तदनुकूल व्यवहार गर्नुपर्छ भन्ने कुरालाई यहाँ स्पष्ट पारिएको छ । यहाँ एकातिर नारी विरोधी चिन्तन र अर्कातिर नारीवादी चिन्तनको चर्चा गरिएको

छ । नारी विरोधी चिन्तनलाई पराजित गर्दै नारीवादी चिन्तनको समर्थन गरिएको छ । यी तमाम विचार र व्यवहार नारीवादी धारणासँग मेल खाने देखिन्छन् । त्यसैले प्रस्तुत कथा नारीका पक्षमा वकालत गर्ने सशक्त नारीवादी रचना हो भन्ने कुरा प्रमाणित भएको छ ।

## सन्दर्भसामग्री


अधिकारी, ज्ञानु (२०७०), समकालीन नेपाली नारी कथामा नारीवादी चिन्तन, सुधा त्रिपाठी र सीता पन्थी (सम्पा.), *नेपाली नारीवादी समालोचना,* (पृ. २६४–२७९), नेपाल प्रज्ञा–प्रतिष्ठान ।

अर्याल, अम्बिका (२०७६), *समकालीन नेपाली कथामा नारीचेतना,* ज्ञानु अधिकारी (सम्पा.), प्रज्ञा समकालीन नेपाली कथाविमर्श, (पृ.४३–७२), नेपाल प्रज्ञा–प्रतिष्ठान ।

खनाल, राजेन्द्र (२०७५), *लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग,* सनलाइट पब्लिकेसन ।

ढकाल, रजनी, त्रिपाठी, गीता र अधिकारी ज्ञानु (२०७१), *विश्व नारी नेपाली साहित्य परम्परा र प्रवृत्ति,* त्रिमूर्ति निकेतन ।

त्रिपाठी, सुधा (२०६८), पाश्चात्य नारीवाद र त्यसको स्वरूप, राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना (प्रायोगिक खण्ड),* (पृ.२०८–२२३), रत्नपुस्तक भण्डार ।

त्रिपाठी, सुधा (इ. २०१२), *नारीवादी सौन्दर्य चिन्तन,* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

प्रसाई, इन्दिरा (२०७१), दोस्रो सत्ता, इन्दिरा शाह र उषा हमाल (सम्पा.), *विश्व नारी नेपाली कथा,* (पृ. ४४—५०), त्रिमूर्ति निकेतन ।

प्रसाई, नरेन्द्रराज र प्रसाई, इन्दिरा (२०७१), *विश्व नारी नेपाली स्रष्टा कोश,* त्रिमूर्ति निकेतन ।

बराल, ऋषिराज (२०७७), *आजको समालोचना,* साझा प्रकाशन ।

भुसाल, प्रेमनारायण (२०७९), *समकालीन नेपाली कथामा मनोविज्ञान,* नेपाल प्रज्ञा–प्रतिष्ठान ।